# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## सुर्मा गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६
च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुर्मा गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असाढ २६ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं

मितिः २०७७।३।२६

श्री अध्यक्षज्यू,
सुर्मा गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **सुर्मा गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १ करोड ४७ लाख ४८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. २१ लाख १९ हजार, नियमित गर्नुपर्ने रु.५४ लाख ७५ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४४ लाख ३६ हजार र रु २७ लाख १८ हजार पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहित दफा ३ को रु ८ लाख ६२ हजार असुल गरी दाखिला गरेको प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा बेरुजु प्रारम्भिक प्रतिवेदनवाट हटाईएको छ ।अन्य दफा वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# सुर्मा गाउँपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ। यो गाउँपालीका अर्न्तगत ५ वडा रहेका छन् ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

**सुर्मा गाउँपालिका**

| सि.नं. | आयतर्फ | | सि.नं. | व्यायतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | **६८७६१७८.०४** | १ | **चालु खर्च** | **१२६७७०८७१.८०** |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | **७८९५४०००.००** |
| | ख) बैंक | ६८७६१७८.०४ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | **३८५००७६५.८६** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | १६७५०६०.०० | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ३६८२५७०५.८६ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | **००** |
| ३ | **वित्तीय हस्तान्तरण** | **१३१५२७२८७.२२** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ६४१०००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ५९४०००००.०० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | ७७०००००.०० | ५ | **समपुरक अनुदान** | **००** |
| | घ) विशेष अनुदान | ०० | ६ | **धरौटी फिर्ता** | १०४७७५२.०० |
| | ङ) केन्द्रीय राजस्व | ३२७२८७.२२ | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **६९८१२८७.२२** | ७ | **कोष खर्च** | |
| | क)वित्तीय समानीकरण अनुदान | ६६५४०००.०० | ८ | **मौज्दात** | **३००४७३६.५४** |
| | ख) सशर्त अनुदान | ०० | | क) बेरुजु दाखिला | ३५२०७७.०० |
| | ग) समपूरक अनुदान | ०० | | ख) बैंक मौज्दात | ९६५५८१६.८१ |
| | घ) विशेष अनुदान | ०० | | चेक साट्न वाँकी | (७००३१५७.२७) |
| | ङ) राजस्व वाँडकफाड | ३२७२८७.२२ | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | **००** | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | **००** | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | ०० | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०० | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ०० | | | |
| १० | **धरौटी आय** | **१३८१७५२.००** | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | अन्य विविध आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमता विकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर,सडक वोर्ड र शिक्षा निर्देशनालय) | **२४५१००९०.००** | | | |
| | **जम्मा** | **२०९७७७३६०.३४** | | **जम्मा** | **२०९७७७३६०.३४** |

।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण मिति २०७५/३/१० मा सभामा पेश गरि मिति २०७५/३/१२ मा गाउँसभाबाट पारीत गरेको छ । | |
| २. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ३. | **संचितकोष** : यस गाउँपालिकाले संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गर्नु पर्ने देखिन्छ । असार मसान्त सम्म चालु खातामा र पुँजिगत खातामा वाँकि रहेको रकम मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गरेको छैन । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखियो । | |
| ४. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ५. | **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल खर्च रु. ८४३३९९८०/- मध्ये प्रथम चौमासिकमा ११.९३ प्रतिशत, दोश्रो चौमासिकमा २५ प्रतिशत र तेश्रो चौमासिकमा ६३.०७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेश्रो चौमासिकमा भएको खर्च मध्ये अधिकांश रकम आषाढ महिनामा खर्च गरेको देखिन्छ । जस्वाट आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ। | |
| ६. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण | |

<table>
<tr><td></td><td>खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । अधिकासं योजनामा लागत सहभागीता न्यून रहेको देखिन्छ । लागत सहभागिता वढाई योजनामा लाभग्राहि समूहको अपनत्व वढाउने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>जिन्सी :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. २०७५।७६ को जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पनि पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन साथै कतिपय जिन्सी सामान दाखिला समेत नभएको विलको आधारमा खर्च जनाएको देखिंदा कार्यालयले खरिद एवं हस्तान्त्रण भई आएका जिन्सी मालसामानको यथोचित संरक्षण नगरेको स्पष्ट हुन्छ । तसर्थ सो सम्वन्धमा सम्वन्धित निकायको ध्यानाकर्षण हुनु पर्दछ ।यसरी दाखिलानै नगरी खर्च लेखेको केही उदारहण निम्न छन् । जिन्सी दाखिला वेगर खर्च लेखेको रकम नियमित हुनु पर्ने रु.
<table>
<tr><th>गो.भो.नं. र मिति</th><th>व.उ.शि. नं.</th><th>सामानको विवरण</th><th>सप्लायर्स</th><th>परीमाण</th><th>मुल्य</th></tr>
<tr><td>१/०७५/६/२३</td><td>पुँजिगत</td><td>ल्यापटप</td><td></td><td>१</td><td>१,१८,६५०</td></tr>
<tr><td>१७/०७५/८/१४</td><td>पुँजिगत</td><td>प्रिन्टर खरिद</td><td>उग्रतारा ट्रेडिङ</td><td>१</td><td>६६,२५२</td></tr>
<tr><td>२३/०७५/९/१७</td><td>पुँजिगत</td><td>कम्प्यूटर</td><td>आदित्य ईन्फोज</td><td>१</td><td>४९,६०७</td></tr>
<tr><td>२४/०७५/१०/०७</td><td>पुँजिगत</td><td>फर्निचर</td><td>घलदेव फर्निचर</td><td>विभिन्न</td><td>२७,५००</td></tr>
<tr><td>३६/०७५/११/०७</td><td>पुँजिगत</td><td>विभिन्न मेशिनरी सामान</td><td>विभिन्न</td><td>विभिन्न</td><td>४०,५००</td></tr>
<tr><td>४०/०७५/११/१९</td><td>पुँजिगत</td><td>विभिन्न मेशिनरी सामान(ईन्भटर)</td><td>विभिन्न</td><td>विभिन्न</td><td>२४,५५०</td></tr>
<tr><td>११८/०७६/२/१९</td><td>सामानीकरण</td><td>स्टिल दराज</td><td></td><td>१</td><td>१५,२००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>२,४२,२६०/-</td></tr>
</table>
</td><td>२,४२,२६०/-</td></tr>
<tr><td>९.</td><td>राजस्व तर्फ : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले रसिद नियन्त्रण खाता नराखेको,समयमा नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी लिने गरेको देखिएन । गाउँपालीकाले आन्तरीक कर दस्तुर तथा राजस्व</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | बाँडफाड तर्फ गरी रु.१३२२९८३ आम्दानी गरेको छ । मुख्य स्रोत यार्सासंकलकबाट लिइने कर,दस्तुर रहेको र यस वर्ष कर संकलक नआइपुगेकोले राजस्व एकिन हुन नसकेको कार्यालयको भनाइ छ । वडा कार्यलयहरुले दाखीला गरी विवरण पेश गरेको आधारमा कार्यालयले आम्दानी जनाउने गरेको देखियो । राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासीक फाटवारी समेत तयार नगरेकोले राजस्व आम्दानीबारे मुल्याङ्कन गर्न सकिएन । | |
| | **निर्माण तर्फ :** | |
| १०. | **खानेपानी आयोजना:** कार्यालयले संचालन गर्ने खानेपानी आयोजनाको लागि आवश्यक पर्ने सामाग्रीहरुको खरीदको लागि सिलवन्दी दरभाउपत्र मार्फत उदय जनरल अर्डस एण्ड सप्लायर्स बाट खरिद गरेकोमा सो खरिद कार्य सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| १०.१ | **लागत अनुमान यथार्थ नभएको :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनसारको आवस्यक प्रकृया अपनाई मालसामानको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ ।नियमा उल्लेख भए अनुसार लागत अनुमान तयार गर्नु पूर्व दर विश्लेषण गर्नु पर्नेमा सो नगरेको, कुन कुन योजनामा के कति सामाग्री आवश्यक पर्ने हो सो समेत खुलाएको नपाईएकोले लागत अनुमान यथार्थ भएन । | |
| १०.२ | **पेश्की वढी दिएको :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ बमोजिम ठेक्का रकम को २० प्रतिशत सम्म बैक ग्यारेन्टी राखेर मोविलाइजेसन पेश्की दिनुपर्ने व्यवस्था छ । उपरोक्त वमोजिमको ठेक्काको पेश्की दिंदा ऐनको उक्त व्यवस्था वमोजिम संझौता रु ५३,६५,८१५।२० को २० प्रतिशतले हुने रु १०,७३,१६३।०४।-सम्म पेश्की दिन सकिनेमा भौ.नं.४४/२०७५/११/२१ बाट रु २५,००,०००।- भौ.नं. ७७/२०७५/१२/२८ बाट रु.२५,२०,०००।- समेत जम्मा रु ५०,२०,०००।- पेश्की दिएको छ । यसरी ऐनले तोकेको भन्दा रु ३९,४६,८३७।- वढी पेश्की दिएको छ । यसरी वढी पेश्की दिएको रकमको नियमानुसार १० प्रतिशत व्याज असुल गर्नु पर्दछ । साथै बैंक ग्यारेन्टी ससमेत नलिई पेश्की दिएको अनियमित देखिएको रु. | ५०,२०,०००/- |
| १०.३ | **सामान हस्तान्त्रण :** खरीद भएका सामानहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी कार्य गर्दा उपरोक्त अनुसारको सवै सामानहरु प्राविधिक मुल्याङ्कन अनुसार भयो भएन सो को विश्लेषण गरेको छैन । जसले गर्दा उपभोक्ता संग रहेका सामाग्रीहरुको उचित उपयोग भएको सम्वन्धमा विश्वस्थ हुने आधार देखिएन । | |
| १०.४ | **सामानको अभिलेख :** कार्यालयले खरीद गरिएका सामाग्रीहरु के कति उपभोक्ता समितिलाई हस्तान्तरण गरेको हो बाँकी कति छ अभिलेख अद्यावधिक गरेको छैन । | |
| १०.५ | **डोजर खरीद :** कार्यालयले MAW earth movers Pvt ltd बाट डोजर खरीद गर्दा सम्झौता गर्नुअघि कार्यसम्पादन जमानत राखेको नराखेको , ठेककामा कट्टा गर्नुपर्ने ५ प्रतिशत धरौटी कट्टा नगरेको । खरिद पछि तोकिएको स्पेसिफिकेसन अनुसारको भए नभएको सम्वन्धमा प्राविधिक परीक्षण समेत गरेको नदेखिएकोले सो खरिद कार्य नियम सम्मत देखिएन । | |
| ११. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा से अनुसार गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरणको लागि यो वर्ष रु १,९०,५२,०००। निकासा लिएकोमा रु.१,८९,२०,४००।- खर्च भएको र बाँकी रकम रु.१,३१,६००।- संघीय संचित कोषमा दाखिला गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिले तोकेको उक्त व्यवस्थाको पूर्णरुपमा पालना गरेको नदेखिएकोले कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| १२. | **वित्तीय सामानीकरण तर्फ :**<br>**लागत अनुमान र मुल्यांकन :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा कामको प्राविधिक कायम भएको क्षेत्रफलको मात्र भुक्तानी दिनु पर्ने,यसरी भुक्तानी दिंदा उपभेक्ता समितिको अंश कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालय वाट विभिन्न उपभोक्ता समितिहरु संग विभिन्न योजनाहरुको लागत अनुमान | |

| | | |
|---|---|---|
| | तयार गरी सोमा उपभोक्तको अंश छुट्टाई संभ्झौता गरेको देखिन्छ । तर प्राय सवै योजनाको लागत अनुमान उच्च दरमा तयार गर्ने र सोही वमोजिम लागत अनुमान वरावर हुने गरी मुल्यांकन गरी कार्यालय संग भएको संभ्झौता अनुसारको रकम भुक्तानी दिने गरेको देखिन्छ ।यर्थातमा उपभोक्ताको अंश Over valuation को अंश कटाएको देखाई भुक्तानी भएको देखिन आयो । जसवाट अधिकांश योजनामा जन श्रमदान शुन्य रहेको छ । अधिकांश योजना लागत अनुमान संग वरावर मुल्यांकन गरेको देखिएकाले फिल्डमा गई प्राविधिक नाँप जाँच गरी मुल्यांकन गर्नुपर्दछ । कार्यालय मार्फत नाँपजाँच गरी जारी प्रतिवेदनमा फरक परेको नदेखिंदा सो नाँपजाँचको यर्थातता सम्वन्धमा विस्वस्त हुने आधार देखिएन । यस्का केही उदारहण निम्न छन् ।<br>**गो.भौ.नं. र मिति** \| **व.उ.शि.नं.** \| **कामको विवरण** \| **लागत अनुमान** \| **मुल्यांकन रकम**<br>३/०७५/९/२३ \| सामानीकरण \| सडक निर्माण \| ४,४७,०५२/८९ \| ४,४७,०५२/८९ | |
| १३. | **योजना स्वीकृत :** नेपालको संविधान २०७२ को धारा २३० अनुसार गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको लागि स्थानीय कानुन वमोजिम पेश हुने वजेट तथा कार्यक्रम गाउँसभावाट पारीत भएका योजना तथा कार्यक्रम अनुसार खर्च गर्नु  पर्दछ । यस गाउँपालिकाले यो वर्ष सो सभावाट पारित नभएका निम्न योजनाहरु कार्यपालिकाले सोभ्कै निर्णय गरी भुक्तानी खर्चले खेको नियम सम्मत नदेखिएको रु<br>**गो.भौ.नं. र मिति** \| **योजनाको नाम** \| **लागत अनुमान** \| **भुक्तानी रकम**<br>८/०७५/७/२८ \| पावर हाउस मर्मत \| १,५०,०००/- \| १५००००.००<br>१६/०७५/८/१४ \| भाडाछाडा भ्रो.पु. \| ६३,१२७/- \| ६३१२७.००<br> \| जम्मा : \| \| २,१३,१२८/- | २,१३,१२८/- |
| १४. | **विधुत खरिद :** यस गाउँपालिका अन्तरगतका विभिन्न वडाहरुमा विधुतीय सामाग्री सप्लाई तथा निर्माण कार्यको लागि रु ५९,७६,७५७–को लागत अनुमान स्वीकृत गरी ठे.नं. ३–०७५।७६को ठेक्का व्यवस्थाको लागि प्रथम पटक २०७५।९।२० मा सुचना प्रकाशन गरे वमोजिम दर्ता भएका वोल पत्रहरु मुल्यांकन हुँदा प्राविधिक कारण वाट सो वोलपत्र रद्द गरी पुन लागत अनुमान शंशोधन गरी मु.अ.कर समेत रु ६२,०५,०६६।५४को लागत अनुमान स्वीकृत गरी ठेक्का व्यवस्थाको लागि दोश्रोपटक नागरिक दैनिकमा सुचना प्रकाशन गरे वमोजिम दर्ता हुन आएका २ वटा वोलपत्र मध्ये वैष्टन डिप्लोमेन्ट  कन्स्टक्सन को कवोल अंक मु.अ.कर समेत रु ६५,०६,३१२–रहेको र अर्को वोपत्रदाता मुनाल कन्स्टक्सनको कवोल अंक लागत अनुमान भन्दा रु ४८,८२७।७९(०.७८%)मात्र घटी अर्थात रु ६१,५६,२२८।७५ रहेको र सो वोलपत्र स्वीकृत गरी २०७६।३।३० सम्म संभ्झौता वमोजिमको सामान सप्लाई गर्ने गरी २०७५।२।८मा संभ्झौता भए वमोजिम कार्यादेश दिएको देखिन्छ । सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् । | |
| १४.१ | **पेश्की र वैंक जमानत :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३)वमोजिम निर्माण व्यवसायी संग भएको संभ्झौता वमोजिम पेश्की उपलव्ध गराएमा सो पेश्की रकमले खाम्ने गरी कम्तीमा पेश्की फछ्र्यौट हुने अवधि भन्दा १ महिना भन्दा वढीको वैंक जमानत लिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२(क) बमोजिम सम्झौता रकमको २० प्रतिशत सम्म मात्र मोविलाइजेसन पेश्की दिन पाउनेमा कार्यालयले निज आपूर्तिकर्तालाई संभ्झौता रकमको ५१ प्रतिशतले हुने रु २८,००,०००।–पेश्की दिएको अनियमित देखिन्छ । सो वापत कम्तिमा उक्त पेश्की खाम्ने गरी वैंक जमानत लिनु पर्नेमा २०७६।२।३० सम्मको मान्य अवधि रहेको कृषिविकास वैंकको रु १६,६०,००।–मात्र वैंक जमानत लिएकोमा पुन २०७६।३।३० सम्म मान्य अवधि रहेको रु १,६०,०००।–वैंक जमानत लिएकोमा उक्त अवधि समाप्त भएको र तत् पश्चात  वैंक जमानत को म्यादथप नभएको उक्त पेश्की फछ्र्यौट समेत नभएकोले उक्त नियमको उपनियम ६ वमोजिम १० प्रतिशत व्याज समेत पेश्की असुल फछ्र्यौट गर्नु पर्ने देखिएको रु | २८,००,०००/- |
| १४.२ | **हर्जना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा कार्यालय र निर्माण व्यवशायी विच भएको संभ्झौताको अवधि थप गर्नु पर्ने भएमा निर्माण व्यवसायीले उक्त संभ्झौता कार्यान्वयनमा भर मग्दुर प्रयास गर्दा समेत नसकेको मनासिव कारण भएमा मात्र ६ महिना | |

| | | |
|---|---|---|
| | सम्म वोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा वढी अवधि विभागी प्रमुखवाट थप गर्न सकिने व्यवस्था छ । साथैं नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारण वाट यथा समयमा काम सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशत मा नवढ्ने गरी प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशतले हुने रकम पूर्व निर्धारित क्षति पूर्ति वापत लिएर मात्र म्याद थप गरी उक्त कार्य पुरा गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । कार्यलयले उक्त सप्लायर्सले संझौता अनुरुपको समयमा तोकीएको काम सम्पन्न गरी पेश्की फछ्र्यौट गरेको नदेखिएको र सोको म्याद थप पनि नभएकोले नियमानुसार लाग्ने हर्जना लगाई काम सम्पन्न गर्नु गराउनु पर्दछ । | |
| १४.३ | **प्रतिष्पर्धा :** उपरोक्त वमोजिमको यस ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा दर्ता भएका वोल पत्र मध्ये २ वटा मात्र दर्ता हुनु दर्ता भएको मध्ये एउटाले लागत अनुमान भन्दा वढी कवोल गर्नु अर्कोले करिव लागत अनुमानको वरावर अंक कवोल गरेको देखिंदा आपूर्तिकर्ता विच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन ।तसर्थ कार्यालयले वोल पत्र आव्हान गर्दा सार्वजनिक खरिद नियमावली वमोजिम विधुतीय माध्यमलाई समेत अवलम्वन गर्नु जरुरी देखियो । | |
| १५. | **कार्यक्रम वेगर पेश्की :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यलयले सोझै प्रस्ताव माग गरी पर्यटकीय वृत्त चित्र तयार गर्न भनी भौचर नं. ३३।०७५।१०।२९ र चालु शिर्षक तर्फ ३०८।०७६।३।२४ वाट साहरा नेपाल नामक गैर सरकारी संस्थालाई क्रमश रु २,००,०००।–र ४,१२,०००।–समेत जम्मा रु ६,१२,०००।–पेश्की दिएको देखियो ।सो संस्थालाई कार्यक्रम संचालन गर्न रकम उपलव्ध गराउने गरी गाउँ सभावाट स्वीकृत समेत भएको देखिदैन । यसरी गाउँ सभावाट पारित नभएको कार्यक्रम सोझै कार्यपालिकाले निर्णय गरी पेश्की उपलव्ध गराउन नियम सम्मत देखिएन । | |
| १६. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु. ६,६८,१६५/-को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ । केही उदाहरणहरु | |

| गो.भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|
| १८/२०७५/६/२३ | दुर्गा जनगर स्टोर | स्टेशनरी | ९१,२५०.०० |
| १९/२०७५/६/२३ | व्यास वर्दस पशल | स्टेशनरी | ७७,८८०.०० |
| २०/२०७५/६/२३ | महिमान व्याँसी नौलो पसल | स्टेशनरी | ५९,२४०.०० |
| ८३/२०७५/९/१७ | व्यास वर्दश पसल | स्टेशनरी | ९६,२००.०० |
| ८७/२०७५/९/१७ | खड्का इन्टर प्राइजेज एण्ड सप्लायर्स | स्टेशनरी | ३,८६,२४१.०० |
| ९१/२०७५/९/१७ | दुर्गा जनरल स्टोर | स्टेशनरी | ९७,९००.०० |
| १३७/२०७५/८/२४ | क्रिश सप्लायर्स | स्टेशनरी | ८८,५४३.०० |
| २०५/२०७६/३/३ | शगुन ट्रेर्डस एण्ड अर्डर सप्लायर्स | स्टेशनरी | ७०,९०८.०० |
| | **जम्मा** | | **६,६८,१६५/-** |

| | | |
|---|---|---|
| | **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम | |

मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्याललले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. ३५,३३१/-

१७.

| भौ.नं.र मिति | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ.कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| ३०६/२०७६/३/२४ | दिक्षान्त विज्ञापन सेवा | ६००७७८५०९ | २०७६/२/२९ | १,०५,६५५ | १२,१५५ | ६,०७८ |
| | | | | २९,५८३ | ३४०३ | १,७०२ |
| | | | | ८८,७५० | १०,२१० | ५,१०५ |
| १६८ ख/२०७६/३/१९ | खडका इन्टरप्राइजेज | | २०७६/३/१९ | ५५,३७० | ६३७० | ३,१८५ |
| | | | २०७६/३/१८ | ५५,३७० | ६,३७० | ३,१८५ |
| १७६/०७६/३/३१ | खप्तड आयल स्टोरस) | ३०३३३७१३९ | ०७६/२/३० | ६,३०,४९५ /- | ७,३०४/- | ३६५२ |
| १३५/०७६/२/२६ | उदय जनरल एण्ड सप्लायस) | ६०२५०२७९३ | ०७६/२/२० | २,१६,००० /- | २४,८५०/ | १२४२४ |
| **जम्मा** | | | | | | **३५,३३१/-** |

१८.

**उपचार खर्च :** सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ त्यस्तै दफा १२ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ । गाँउ कार्यपालिकाको मिति २०७५/३/२ को निर्णय अनुसार पदाधिकारी बिरामी भै जिल्ला अस्पतालबाट उपचार हुन नसक्ने भनि अन्य अस्पतालमा रिफर गरेको अवस्थामा रु.५०,०००। सम्म उपलव्ध गराउन सक्ने व्यवस्था सहितको निर्णय भएको छ । प्रदेश कानुनसंग बाझिने कार्यपालिकाको निर्णय नियम संगत देखिएन । परीक्षण गरीएका भौचरहरु वाट निम्नानुसार नपाउने खर्च लेखेको रु ४,००,०००।- असुल गर्नु पर्दछ । यस्तो भुक्तानी अन्य भौचर वाट भएको समेत यकिन गरी असुल हुनु पर्ने देखिएको रु. ४००,०००/-

| भौ.नं.र मिति | पदाधिकारीको नाम | उपचार खर्च रकम | कैफियत |
|---|---|---|---|
| ४७/२०७५/८/१४ | रमेश वोहोरा | ५०,००० | |
| ६३/२०७५/८/२४ | गणेश वहादुर बोहोरा | ५०,००० | ३२,७०० अस्पतालको विल अन्य होटलको वील प्रयोग |
| ७२/२०७५/८/२५ | मदन कामी | ५०,००० | २४,५७० अस्पतालको विल अन्य होटलको वील प्रयोग |
| ११२/२०७५/१०/११ | सविता कुमारी पुजारा | ५०,००० | |
| ११७/२०७५/१०/११ | गिता देवि वोहोरा | ५०,००० | |
| १३२/२०७५/१०/२९ | भगत वि.क | ५०,००० | |
| २१८/२०७६/२/१० | वेलधारा बोहोरा | ५०,००० | १९,०५२ अस्पतालको विल अन्य होटलको |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td>बील प्रयोग</td></tr>
<tr><td>२८७/२०७६/३/१३</td><td>विर वहादुर जेठारा</td><td>५०,०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा :</td><td>४,००,०००/-</td><td></td></tr>
</table>
कतिपय पदाधीकारीको जिल्ला अस्पतालले रिफर गरेको प्रमाण नरहेको र प्रायजसोको अस्पतालको खर्च विल भन्दा होटल खर्च वा अन्य खर्चको विल बढी राखी पचास हजार लिने गरेको देखिन्छ । कार्यपालीकाले पदाधिकारीको कार्यकाल अबधिमा कति पटक लिन पाउने हो,कस्तो रोग लागि उपचार गराउदा सहयोग उपलब्ध गराउने हो जस्ता व्यहोरा नराखी निर्णय भएको छ । साथै गाउँपालीकाका पदाधिकारी कस कसले सुविधा लिए भन्ने रेकर्ड व्यवस्थित पनि गरेको छैन । आन्तरीक स्रोत,सघीय र प्रदेश कानुन संग नवाभ्फिने गरी निर्णय गर्नु पर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>१९.</td>
<td>
तलव पेश्की : आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ९ मा पेस्की दिने र फछ्यौट सम्बन्धि व्यवस्था छ । साथै दफा ७९ मा पेस्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेस्की फछ्र्यौट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज लगाई असुल उपर हुने व्यवस्था छ । आर्थिक ऐन नियम र स्थानीय सरकार सञ्चालन ऐनमा तलव पेश्कीको व्यवस्था छैन । गाउँपालीकाले नियम र निर्णय बेगर निम्न भौचरबाट पदाधिकारीको निवेदनको आधारमा माग भए अनुसारको पेश्की खर्च लेखेको छ । यसरी नियममा व्यवस्था नभएको भुक्तानी नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>भौ.नं.र मिति</th><th>पदाधिकारीको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>११२/२०७५/१०/११</td><td>सविता कुमारी पुजारा,गा.पा उपाध्यक्ष</td><td>५०,०००</td></tr>
<tr><td>११४/२०७५/१०/११</td><td>मदन कामी,वडा नं.३</td><td>६०,०००</td></tr>
<tr><td>१४८/२०७५/११/२२</td><td>नर बहादुर बोहोरा,गा.पा अध्यक्ष</td><td>१,००,०००</td></tr>
<tr><td>१५५/२०७५/१२/१०</td><td>खड्क बोहोरा,वडा नं.२</td><td>६०,०००</td></tr>
<tr><td>१९१/२०७६/१/२०</td><td>मदन कामी,वडा नं.३</td><td>६०,०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३,३०,०००/-</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२०.</td>
<td>
पदाधिकारीहरुको वैठक भत्ता : प्रदेश नं. ७ अन्तर्गतको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३,४,५र ६ तथा अनुसूचि १ मा मासिक पारीश्रमिक तथा अन्य सुविधा सम्वन्धमा उल्लेख गरेको देखिन्छ । तर पधाधिकारीहरुको वैठक भत्ता सम्वन्धमा कुनै रकम उल्लेख गरेको देखिदैंन । तसर्थ पदाधिकारी हरुलाई वैठक भत्ता भुक्तानी दिन मिल्ने देखिंदैन । कार्यालयले यो वर्ष गाउँपालिकाले स्वंयम निर्णय गरी गाउँपालिकाको हकमा प्रति वैठक रु.१,५००।– र वडाको प्रति वैठक रु.१०००।- का दरले पदाधिकारीहरुलाई विभिन्न मिति र भौचर वाट वैठक भत्ता वापत रु. ९,७२,०००।- भुक्तानी दिएको छ । स्थानीयतहका पदाधिकारीहरुले प्राप्त गर्ने सेवा तथा सुविधा सम्वन्धित प्रदेशको कानूनले निर्धारण गरेको रकम भन्दा वढी हुनेगरी तथा सो कानूनले नदिएको सेवा सुविधा प्रदान गर्न सक्ने आधार देखिदैन । सम्वन्धित प्रदेश कानूनले नदिएको सेवा सुविधा तथा बढी हुनेगरी कुनै पनि स्थानीय तहले आफैले निर्णय गरेर आफ्ना पदाधिकारीहरुलाई सेवा सुविधा प्रदान गर्न सक्दैन । तसर्थ प्रदेश कानूनले नदिएको पदाधिकारीहरुको सेवा सुविधा स्थानीय तहले आफ्नो निर्णयका आधारमा भुक्तानी गर्ने कार्य नियमसम्मत नहुने भएकोले त्यसरी भुक्तानी गरेको रकम रु. ९,७२,०००।– मा अग्रिम कट्टा भएको १५ प्रतिशत कर वाहेकको रु.८,२६,२००।- असुल हुनु पर्ने देखिएको रु
</td>
<td>८,२६,२००/-</td>
</tr>
</table>

२१. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सुर्मा गाउँपालीकाले सो सूविधा वापत गत वर्षको समेत देहाय बमोजिमरु. ५७,६२,२१०/- भूक्तानी गरेको छ ।

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष .५.जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य .१४ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| वर्षिक सुविधा | ३६०००० | ३००००० | १२००००० | ५७६००० | ८४०००० | |
| सञ्चार सुबिधा (वार्षीक दरमा) | १३२०० | १२००० | | | | |
| **जम्मा** | **३७३२००** | **३१२०००/** | **१२०००००/** | **५७६०००/** | **८४००००/** | **३३०१२००/-** |
| **गत वर्षको** | | | | | | **२४६१०१०/-** |
| **कुल जम्मा :** | | | | | | **५७६२२१०/-** |

आयकर ऐन २०५८ तथा आर्थिक ऐन २०७५ अनुसार प्राकृतिक व्यक्तीको आय जुन वर्षको भए पनि कर गणना गर्ने प्रयोजनको लागि सो आय भुक्तानी भएको वर्षको आयमानि कर गणना गर्नु पर्ने व्यवस्था गरेको छ । यस गाउँ पालिकाले विभिन्न पदाधिकारीहरुको गत वर्षको पारिश्रमिक रु. २४,६१,०१०/- यो वर्ष भुक्तानी भएकोमा उक्त रकम ऐनको उक्त व्यवस्था वमोजिम यस वर्षको आयमा समावेश गरी कर निर्धारण गर्नु पर्नेमा सो वमोजिम कर गणना गरेको छैन । तसर्थ प्रत्येक व्यक्तिको पारिवारिक छुट रु ४ लाख पछिको खुद कर योग्य आयमा कर असुल हुन छुट भएको रकम असुल गरी दाखिला गर्नु पर्ने देखिन्छ ।

२२. **कर कट्टी नगरेको :** आयकर ऐन २०५८ को दफा ८८(५) मा भाडा भुक्तानी गर्दा १० प्रतिशतका दरले कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउपालीकाले कर्मचारी र पदाधिकारी लाई गाँउपालीकाका विभिन्न वडा र धनगढी भ्रमणको लागि विभिन्न ६ सवारी धनि संग १० प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्ने गरी मिति २०७५।५।१० मा सम्झौता भएकोमा सम्झौता अनुसार कर कट्टी भएको नदेखिएकोले निम्नानुसानार असुल हुनु पर्ने रु. ६७.३००/-

| भौ.नं. र मिति | भाडा लिने व्यक्तीको नाम | गाडी नं. | रकम | १० प्रतिशत कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३१(ए) राजस्व बाडफाड | दिवाकर शर्मा | | ३६००० | ३६०० | |
| ६०/२०७५/८/२४ | विभिन्न | | ११३००० | ११३०० | आ.ले.प दफा ३.२८ |
| १०० | नर बहादुर बोहोरा | | ३६००० | ३६०० | |
| १०० | खडेक वहादुर बोहोरा | | ३६००० | ३६०० | |
| १०० | दिवाकर शर्मा | | ३६००० | ३६०० | |
| १०७/२०७५/१०/११ | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| १२५/२०७५/११/५ | नर बहादुर बोहोरा | | ५४००० | ५४०० | विभिन्न तीन दैनिक भ्रमण भत्तामा |
| १३५/२०७५/११/१७ | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| १३५/२०७५/११/१७ | प्र.प्र अधिकृत दिवाकार शर्मा | उल्लेख नभएको | ३६००० | ३६०० | |
| १४४/२०७५/११/२२ | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| १६९/२०७५/१२/२४ | नर बहादुर बोहोरा | से १ ज | ३६००० | ३६०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ८८० | | | |
| १६९/२०७५/१२/२४ | प्र.प्र. अधिकृत दिवाकार शर्मा | उल्लेख नभएको | ३६००० | ३६०० | |
| २३४/२०७६/२/२० | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| ३३०/२०७६/३/३० | नर बहादुर बोहोरा | से १ ज ८८० | ३८००० | ३८०० | |
| ३३०/२०७६/३/३० | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| १९४/२०७६/३/३१ | नर बहादुर बोहोरा | से १ ज ८८० | ३६००० | ३६०० | |
| | | | | ६७,३००/- | |

२३. **पारिश्रमिक कर :**निम्न कर्मचारीहरुको आयकर ऐन २०५८ को दफा ८ अनुसारको जम्मा वार्षिक रोजगारी आयमा ऐन वमोजिम कट्टी गर्न पाउने अवकाश कोष कट्टी रकम,दुर्गमभत्ता छुट,विमा छुट पछिको कर योग्य आयमा ऐनको अनुसूचि १ को दफा १(२) तथा आर्थिक ऐन २०७५ अनुसार दम्पत्तीको हकमा पहिलो ४ लाख मा १ प्रतिशत र त्यस पछिको रु १ लाख सम्ममा १० प्रतिशत त्यस पछिको १ लाखमा २० प्रतिशतले हुने रु १३,८२२।– कर दाखिला गर्नु पर्नेमा यो वर्ष रु ५५०९।–मात्र कर दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको रु ८३१३।– निजवाट असुल गरी वेरुजु वापतको राजस्व खाता दाखिला गर्नु पर्ने देखिएको रु

८,३१३/-

| **कर्मचारीको नाम** | **वार्षिक आय** | **छुट रकम** | **करयोग्य आय** | **दाखिला गर्नु पर्ने कर** | **दाखिला भएको** | **छुट भएको रकम** |
|---|---|---|---|---|---|---|
| गिरिस सिंक आरी | ५,४८,२२०/- | ५०,००० | ४,९८,२२०/ | १३,८२२/- | ५,५०९/- | ८,३१३/- |

२४. **वहाल कर :** १७२/२०७५/११/२५ आयकर ऐन २०५८ को दफा ८८(५) मा भाडा भुक्तानी गर्दा १० प्रतिशतका दरले कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ सिमखेत सुर्मा सडक खण्डमा फाउण्डेसन खन्ने काम गराउँदा से १ ख ६७६ को जे.सि.वि ले ३६ घण्टा प्रति घण्टा ३५००० को दरले रु. १,२६,०००।-भकतानी गरेकोमा ऐनको उक्त व्यवस्था अनुसार रु.१२,६००।-वहाल कर दाखिला गर्नु पर्नेमा रु ३,१५०।- मात्र दाखिला भएकोले नपुग कर रु ९,४५०। असुल गरी राजस्व खातामा दाखिला हुनु पर्ने रु.

९,४५०/-

२५. **बजेट तथा कार्यक्रम पेश गरे बापतको भत्ता :** २१३/२०७६/१/२४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सुदुर पशिचम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाँउपालीकाले वार्षिक बजेट तथा कार्यक्रम सभामा पेश गरे बापतको सेवा सुविधा दिने व्यवस्था गरेको छैन । गाँउ कार्यपालिकाको मिति २०७५/१/८ को निर्णय अनुसार आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रम पेश गरे बापत उपाध्यक्ष श्री समिता कूमारी बोहोरालाई रु ४०,०००/-भत्ता दिएको देखियो । यसरी नियममा व्यवस्था नभएको वजेट तथा कार्यक्रम पेश गरे वापत को भत्ता कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउन मिल्ने नदेखिएकोले असुल हुनु पर्ने रु.

४०,०००/-

२६. **भ्रमण विल भुक्तानी :** भ्रमण खर्च नियमावली २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता लिन भ्रमणको विल,हवाई टिकट लगायत अन्य प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ। गाउँपालीकाले निम्न पदाधिकारीहरुको भ्रमण खर्च लेख्दा आवस्यक प्रमाण(बोडिङ्ग पासर प्लेन टिकट) बेगर भ्रमण खर्च भुक्तानी गरेकोले हवाई भाडाको यर्थाथता यकिन हुन सकेन । तसर्थ सो खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.

३८,४००/-

| **भौ.नं.र मिति** | **भ्रमण गर्नेको नाम** | **स्थान र मिति** | **मिति** | **विल रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १३५/२०७५/११/१७ | प्र.प्र.अधिकृत दिवाकर शर्मा | धनगढी देखि काठमाण्डौं र काठमाण्डौं देखि धनगढी दुइतर्फि | २०७५/१०/१४-२०७५/१०/२० | ५४००+५९०० =११३०० | बोडिङ्ग पास र टिकट नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १६९/२०७५/१२/२४ | प्र.प्र.अधिकृत दिवाकर शर्मा | धनगढी देखि काठमाण्डौं | २०१९ मार्च ७ सौर्य एयरलाइन्स | ४३०० | बोडिङ्ग पास नभएको |
| ३३०/२०७६/३/३१ | सिन्की देवि वोहोरा | धनगढी देखि काठमाण्डौं | २०७५/८/१४-२०७५/८/२१ | ५९००+५५०० =११४०० | बोडिङ्ग पास नभएको |
| ३३०/२०७६/३/३१ | गा.पा अधक्ष्य नर बहादुर बोहोरा | धनगढी देखि काठमाण्डौं | २०७५/८/१४-२०७५/८/२१ | ५९००+५५०० =११४०० | बोडिङ्ग पास नभएको |
| **जम्मा** | | | | **३८,४००** | |

२७. **भ्रमण खर्च वढि भुक्तानी :** भ्रमण खर्च नियमाली २०६४ को नियम ६ मा पदाधिकारी वा कर्मचारी सात दिनभन्दा बढी अवधिको लागि काज खटाउनु पर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारीले कारण खोली एक तह माथिको पदाधिकारीको स्वीकृत लिई काजमा खटाउन सक्ने व्यवस्था छ । दफा ६(ख) मा त्यसरी सात दीन भन्दा वढी अबधीको भ्रमणमा पचास प्रतिशत रकम मात्र पाउने व्यवस्था छ । गाउँपालीकाले निम्न व्यक्तिको भ्रमण खर्च लेख्दा एक तह माथिको पदाधिकारीको स्वीकृति लिएको छैन । सात दिन भन्दा वढी अवधिको समेत पुरै भ्रमण भत्ता भुक्तानी दिएको ले बढी भूक्तानी दिएको रकम पचास प्रतिशतले हुने रु १३,४४०/- दाखिला हुनु पर्ने रु. ९,०००/-

| भौ.नं.र मिति | भ्रमण गर्नेको नाम | स्थान र मिति | ७ दिन भन्दा वढीको ५० प्रतिशत)रकम |
|---|---|---|---|
| ७५ख)२०७५/९/१३ | प्र.प्र.अधिकृत दिवाकर शर्मा | सुर्मा-काठमाण्डौं, २०७५/९/१-२०७५/९/१२ | ४,०००.०० |
| ३३०/२०७६/३/३१ | अधक्ष्य गा.पा,नर बहादुर बोहोरा | सुर्मा-काठमाडौं, ०७५/८/७-२०७५/८/२० | ५,०००.०० |
| **जम्मा** | | | **९,०००/-** |

२८. **जिप रिजर्व :** ६६/२०७५/१२/२४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । मिति २०७५/१२/१८देखि २०७५/१२/२० सम्म स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान द्वारा होटल सेन्ट्रल प्लाजा,कोहलपुरमा सञ्चालीत कार्यक्रममा जाँदा प्र.प्र अधिकृत दिवाकर शर्मा र गाउपालीकाका अधक्ष्य नर बहादुर बोहोरा सुर्मा बाट मिति २०७५/१२/१५ मा धनगढी गई २०७५/१२/२१ मा सुर्मा फर्कदा दुवैले फरक फरक जिप रिजर्व गरेको भनि जाँदा ३६,०००।- र फर्कदा ३६,०००।- दावि गरी भुक्तानी भएको छ । एकै कार्यक्रममा एकै स्थानबाट एउटै कार्यालयका पदाधिकारी संगै गएकोले एक जनाले मात्र खर्च दावि गर्नू पर्नेमा दोहोरो खर्च लेखेकोले खर्चको औचित्यता र मितव्ययीता नदेखिदा दिवाकार शर्माबाट रु.१८,०००।- र नर बहादुर बोहोराबाट रुं १८,०००।- गरी जम्मा ३६,०००।- असुल हुनु पर्ने रु. ३६,०००/-

२९. **उपभोक्तालाई वढी भुक्तानी :** सार्वजनिक खरीद नियमावली २०६४ को दफा ९७ मा उपभोक्ता समितिमार्फत भएको कार्यको लागत अनुमान,उपभोक्ता समितिको विल र कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिने व्यवस्था छ । बास्तविक नापि किताव भन्दा बढी भुक्तानी रकम असुल हुनु पर्ने रु. ३४,३५८/-

| **भौ.नं.र मिति** | **उपभोक्ता समितिको नाम** | **नापी कितावको रकम** | **भुक्तानी रकम** | **वढी रकम** |
|---|---|---|---|---|
| १७८/२०७६/३/२६ | दौलीचौर मा.वि घेरवार निर्माण | ३५५०००.०० | ३८९३५८.०० | ३४,३५८/- |

३०. **आधावगर मा.वि. भवन निर्माण :** १४/२०७६/२/२९ आधावगर मा.वि.को लागि २ कोठे भवन निर्माण को लागि गाउँपालीका बाट रु १६,००,०००।- बजेट व्यवस्था भएेमा सो विद्यालयले भवन निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएको भनि प्रतिवेदन पेश गरेको आधारमा सबै रकम निकासा दिएकोमा उक्त कार्यको फोटो परीक्षण गर्दा निर्माण कार्य पूरा भएको नदेखिदा सो सम्बन्धमा गाउँपालीकाको ध्यानाकर्षण जरुरी देखियो ।साथै काम नभएको अवस्थमा समेत पुरै रकम भुक्तानी भएको सम्वन्धमा थप यकिन गरी वढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

३१. **ग्याविनको दोहोरो भुक्तानी :** १७१/२०७६/३/२० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७

| | | |
|---|---|---|
| | (७) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा कामको प्राविधिक मुल्याङ्कनको मात्र भुक्तानी दिनु पर्ने,यसरी भुक्तानी दिंदा उपभेक्ता समितिको अंश कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । काउली खोलामा ग्याविन भर्न कलक बहादुर बोहोराको अध्यक्षतामा उपभोक्ता समिति गठन भएको र गाउँपालीकाले भौ.नं.१८२।२०७६।३।२९ मा ३×१×१ को ७१ थान रु.३०६७२० मा ,२×१×१ को २१० थान रु.६,२३,२००।- मा र १.५×१×१ को ३५ थान ७७,२८०।- मा ग्याविन जाली कोटेशन मार्फत खप्तड मेटल उद्योगबाट खरीद गरेको देखिन्छ । दाखिला रिपोर्टमा सबै ग्याविन खर्च लेखेको भएपनि कुन उपभोक्ता समितिलाई कति परिमाणमा दिएको हो विवरण पेश हुन सकेन । जसमध्ये काउली खोला ग्याविन भर्ने उपभोक्ता समितिलाई ३×१×१ को २५ थान, २×१×१ को १५ थान र १.५×१×१ को २० थान उपलव्ध गराई कार्य भएकोमा प्राविधिक नापी कितावमा ग्याविन जाली खरीद बापत रु.२,७२,५७४।४५ र ग्याविन भरेको रु.२,१९,१०१।९१ समेत जम्मा रु.४,४६,६७६।३६ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी भएको छ । गाउँपालीकाले खरीद गरी ग्याविन उपभोक्ता समितिलाई उपलव्ध गराएकोमा प्राविधिक नापीमा पुन ग्याविनको मुल्य राखि खर्च दावि गरेकोले दोहोरो हुनु गएको ग्याविनको रकम असुल हुनु पर्ने रु. | २,७२,५७४/४५ |
| ३२. | **खर्च पुष्टि नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ १५/२०७६/३/१ गाउँपालीकाले दौलीचौर सामुदायिक अध्यन केन्द्रलाई रु २,००,०००।- उपलब्ध गराएकोमा सो रकम को खर्च पुष्ट्याईको लागि आवश्यक प्रमाण पेश नभएको र सो विद्यालयको नाममा पेश्की पनि कायम नगरेकोले सो सम्वन्धमा आवश्यक प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु. | २,००,०००/- |
| ३३. | **भुक्तानीको आधार नभएको :** १६४/२०७५/१२/२४ आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । गाडी भाडा खर्च भनि गोश्वरा भौचर मात्र उठाई गा.पा.उपाध्यक्ष श्री समीता कुमारी बोहोरा (पुजारा) लाई भुक्तानी दिएकोमा सो भुक्तानी दिने कुनै आधार प्रमाण संलग्न नभएकोले सोको आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु | १४,०००/- |
| ३४. | **उपचार खर्च :** १९६/२०७६/२० कार्यपालीका सदस्य विक्रम वि.सी.ले औषधि उपचार बापत लिएको पेश्की रु ३५,०००।- फछ्र्यौट गर्दा रु ५०,०००।- खर्चदावि गरी बाँकी रकम सोधभर्ना लिएको छ । कहा कुन अस्पतालमा उपचार गरेको हो,कति खर्च भएको हो आवश्यक प्रमाण लेखापरीक्षणको समयमा पेश हुन नसक्दा खर्च यथार्थ छ भन्न सक्ने आधार देखिएन । तसर्थ सो खर्चको विल भरपाई सहितको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु. | ५०,०००/- |
| ३५. | **गत वर्षको भूक्तानी :** ९७/२०७६/१/२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा कामको प्राविधिक मुल्याङ्कनको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस गाउँपालीकाले लौठा चुच्चु सल्ला खानेपानी पाइप गाड्ने आ.व २०७४।२०७५ को अधुरो कार्यको रु १०,०२,५५६।७१ भूक्तानी दिएकोमा सोको प्राविधिक मुल्यांकन र गत वर्ष भूक्तानी हुन नसक्नाको आधार पेश नभएको रु | १०,०२,५५६/२१ |
| ३६. | **डोर हाजिरीको आधारमा भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ३६ (२) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र उपदफा (३) मा खर्च को यथेष्ठ आधार र प्रमाण पेश गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९८ मा एकलाख रुपैंया सम्मको निर्माण कार्य एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिई अमानतवबाट गराउन सक्ने व्यवस्था छ । गाउँपालीकाले लागत अनुमान तयार नगरी नियमको उक्त व्यवस्था विपरित नियमले तोकेको सीमा भन्दा वढीको निर्माण कार्य निम्नानुसार डोर हाजिरको आधारमा अमानतबाट गराएको नियम सम्मत देखिएन । तसर्थ गाउँपालिकालेखर्च लेख्दा लागत अनुमान स्वीकृत गरी ऐन नियमको पालना गर्नु पर्दछ । | |

| भौ.नं. र मिति | कार्य | रकम |
|---|---|---|
| २०७५/१२/२५ | सिमखेत सुर्मा सडक खण्डमा ग्याविन जाली भर्ने | १२६०००.०० |

| | | |
|---|---|---|
| २९५/२०७६/३/२० | ह्युम पाइप र माटो ढुवानी | १६०८००.०० |
| १६५-ख/२०७६/३/१० | जाली भर्ने काम | ९९५००.०० |
| | जम्मा : | ३,८६,३००/- |

३७. **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु ३४,४७,२०४/-मात्र भुक्तानी दिनु पर्नेमा रु ३५,६२,५००/-भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु १,१५,२९५।- असुल हुनु पर्ने रु — १,१५,२९५/-

| **गो.भौ.नं. र मिति** | **योजनाको नाम** | **कामको मुल्यांकन** | **उपभोक्ताको अंश** | **भुक्तानी दिनु पर्ने रकम** | **भुक्तानी दिएको रकम** | **वढी भुक्तानी भएको रकम** |
|---|---|---|---|---|---|---|
| १७६।०७६।३।२४ | रोटे भेरा नाउली सडक | ३८,४९,६७६/५४ | ४,०२,४७२/- | ३४,४७,२०४/- | ३५,६२,५०० | १,१५,२९५/- |

३८. **विल भपाई भन्दा वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले निम्नानुसार विल भर्पाई भन्दा वढी भुक्तानी गरको रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने देखिएको रु — २,५७,८००/-

| **गो.भौ. र मिति** | **कार्यक्रमको नाम** | **विलभर्पाई अनुसारको रकम** | **भुक्तानी खर्चलेखेको रकम** | **असुल हुनु पर्ने रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ४१।०७५।११।१९ | खगेन्द्र जोशी कार्यक्रम पे.फ. | ५२०००.०० | ७२५००.०० | २०५०० | नवुझेको समेत दावि |
| ४१।०७५।११।१९ | खगेन्द्र जोशी कार्यक्रम पे.फ. | २६१८८०.० | २७९३८०.० | १७५००. | विल भर्पाई नपुग |
| २७६/२०७६/३/१० | सुचना प्रसारण रेडियो खप्तड | ०० | १५००००.० | १५०००० | विल पेश नभएको |
| ८७/२०७६/१/१९ | शि.स.खगेन्द्र प्र. जोशी | ३७४०९०.० | ४४३८९०.० | ६९८००. | विल भर्पाई नपुगेको |
| | **जम्मा** | | | **२५७८००** | |

३९. **दोहोरो मुल्यांकन :** १२२।०७६।२।१९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । परकाट्टे ग्याविन वक्स(जालीभर्ने) निर्माण उ.स.लाई  ग्याविन वक्सको निर्माण वापतको कामको लागत अनुमान तयार गर्दा ग्याविन वक्स(जाली)को समेत मुल्य रु १,७८,२१७–समेत समावेश गरी लागत अनुमान तयार गरेको र सोही वमोजिम लागत अनुमान स्वीकृत गरी संझौता गरेकोमा सो उपभोक्ता समितिलाई गाउँपालिकाले पनि खप्तड मेटल ईण्डष्ट्रिजवाट रु ११,६२,५००।–को जाली खरिद गरी सो मध्ये उक्त उपभोक्ता समिति लाई समेत उपलव्ध गराएको देखिएकोले दोहोरो भुक्तानी हुन गएको उक्त रकम असुल गरी वेरुजु वापतको राजस्व खातमामा दाखिला गर्नु पर्ने रु — १,७८,२१७।-

४०. **पाइपको मूल्य वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा कामको प्राविधिक मुल्याङ्कनको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निम्न योजनाहरुको लागि गाउँपालीकाले एच डि पि पाइप खरिद गरी उपलब्ध गराएको अवस्थामा ति योजना हरुको लागत अनुमान तयार गर्दा पाइपको मुल्य समेत समावेस गरी लागत अनुमान तयार गरेको र सोही वमोजिम उपभोक्ता समितिसंग सम्झौता गरी कामको मुल्याङ्कन भएको बमोजिम भुक्तानी भएको देखिएकोले निम्नानुसार वढी भुक्तानी हुन गएको — १,५५,१८५/-

| | | |
|---|---|---|
| | रकम असुल हुनु पर्ो रु. | |

| योजनाको नाम | रकम |
|---|---|
| नाउला खानेपानी योजना | ५८९६०.०० |
| तोलि गाउँ खानेपानी योजना | ६४१५०.०० |
| गोतन्न खानेपानी योजना | ३२०७५.०० |
| **जम्मा** | **१,५५,१८५/-** |

| | | |
|---|---|---|
| | **शिक्षा क्षेत्र :** | |
| ४१. | **शिक्षकहरुको विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ज) मा स्थानीय तहको आधारभूत तथा माध्यामिक शिक्षा सम्वन्धी व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो भौगोलिक सीमानाभित्रको आधारभूत तथा माध्यामिक शिक्षाको नीति, योजना, कार्यक्रम, शैक्षिक कार्यक्रमको समन्वय, विद्यालय अनुदान तथा सोको वजेट व्यवस्थापन, आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्दै विद्यालय तथा त्यसमा कार्यरत शिक्षकहरुको दरबन्दी, नियुक्ति, अवकाश, सरुवा, बढुवा, मृत्यु जस्ता व्यक्तिगत विवरण सहितको अभिलेख खडा गरी राख्नु पर्नेमा त्यसो गरेको देखिएन । यसले समग्र शैक्षिक व्यवस्थापन कमजोर हुने, विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता, ग्रेड तथा सुविधाको भुक्तानी यथार्थपरक नहुने, विद्यालयको सम्पत्तिको उचित संरक्षण नहुने भई आर्थिक अनुशासन उल्लंघन हुन सक्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४२. | **शिक्षकहरुको तलवी प्रतिवेदन :** शिक्षा नियमावली २०५९ को नियम १६ (भ) बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको विद्यालय शिक्षक कितावखानाबाट शिक्षकहरुको तलवी प्रतिवेदन पारित गराएर निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका स्थायी शिक्षक प्रा.वि.तर्फ  जना अस्थायी समेत  जना, नि.मा.वि.तर्फ  जना अस्थायी समेत १८ जना र मा.वि.तर्फ स्थायी १५ जना गरी जम्मा १३२ जना शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरी विद्यालयको खातामा तलव निकासा गरेको देखिन्छ । तलवी प्रतिवेदन पारित वेगर तलव भत्ता खर्च लेख्दा ग्रेड रकम यकिन हुन नसक्ने भएकोले सवै शिक्षक कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता निकासा गर्नुपर्ने देखिन्छ । | |
| ४३. | **शिक्षातर्फ पारीश्रमिक कर नकटाएको :**आयकर ऐन २०५८ को दफा ८ अनुसार कुनै पनि प्रकृतिक व्यक्तिले प्राप्त गर्ने रोजगारी आयमा सो ऐन बो असुूचि १ मा उल्लेखित दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँपालीका अन्तरगतका विभिन्न विद्यालयमा कार्यरत शिक्षक,शिक्षिकाहरुको तलव भत्ता निकासा दिंदा ति शिक्षक तथा कर्मचारीहरुको रोजगरी आय ऐनको उक्त व्यवस्था बमोजिम श्रोतमा कर नकटाइ शतप्रतिशत रकम निकासा दिएको देखिन्छ । सम्बन्धित विद्यालयकाहरुले निकासा माग गर्दा पेश गरेको तलव शिटमा समेत शिक्षकको समेत १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरी तलव सिट पेश गरेको,कतिपयले पारिश्रमिक कर गणना गरेको भए पनि नियमानुसार लाग्ने कर भन्दा घटी कर कटाएको देखिन आएकोले सो सम्बन्धमा गाउँपालीकाको ध्यानकर्षण जरुरी देखिन्छ । | |
| ४४. | **निकासा वढी दिएको :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । सुर्मा मा.वि.थकुन्नाडाको प्रथम किस्तवापतको निकासा दिंदा आ.व. ०७४।७५ को रु ४,४५,१४०।–समेत थप गरी रु ३३,१०,०३६।२० निकासा दिएको देखियो । यसरी गतवर्षको रकम यो वर्ष थप गरी निकासा दिएको सम्वन्धमा स्पष्ट आधार प्रमाण पेश हुन नआएकोले यो वर्ष वढी निकासा भएको स्पष्ट हुन्छ । तसर्थ वढी निकासा  दिएको रकम असुल हुनु पर्ने रु | ४,४५,१४०।- |
| ४५. | **तलव भत्तामा वढी निकासा :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता भुक्तानीमा निम्नानुसार वढी निकासा दिएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | २७,९६२/- |

| विद्यालयको नाम | शिक्षकको नाम | वढी निकासा भएको रकम | कैफियत |
|---|---|---|---|
| शिव प्रा.वि.गोतान | शेर वहादुर वोहरा | ८,८६३.०० | ०७५।१२।१२ वाट नियुक्ती पुरै महिनाको निकासा भएको |
| ईश्वरी नि.मा.वि.भजनपाटा | कलकवहादुर वोहरा | ८,८६३.०० | ०७५।१२।१२ वाट नियुक्ती पुरै महिनाको निकासा भएको |
| ईश्वरी नि.मा.वि.भजनपाटा | ऐन वहादरवोहरा | ८,८६३.०० | ०७५।१२।१२ वाट नियुक्ती पुरै महिनाको निकासा भएको |
| | हरिश्चन्द्र रोकाय | १,३७३.०० | संचय कोषमा वढी पठाएको |
| जम्मा | | २७,९६२/- | |

४६. **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालय बाट आन्तरीक लेखा परीक्षणगरी मिति २०७६/५/९ मा प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याईका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औल्याईएको वेरुजू फछ्र्यौट गरिनु पर्दछ ।

४६.१ **रकम वुझेको भर्पाई नभएको :** कार्यालयले विभिन्न व्यक्तिहरुलाई भत्ता लगायतको रकम भूक्तानी दिदा सम्वन्धित व्यक्तिहरुलाई बुझाएको नपाइएकोले बुझाउन बाँकी रकम निम्नानुसार असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु. १२,२०८/-

| भौ.नं.र मिति | व.उ.शि नं | नाम | रकम |
|---|---|---|---|
| ७/२०७५/७/२८ | वित्तीय समानिकरण | खगेन्द्र प्रसाद जोशी | ३२७५.०० |
| ४१/२०७५/१०/१७ | वित्तीय समानिकरण | खगेन्द्र प्रसाद जोशी | ८९३३.०० |
| जम्मा | | | १२,२०८/- |

४६.२ **तलव भत्ता अनुदान :** कार्यालयले विभिन्न निजि विद्यालयहरुलाई निजि शिक्षकहरुको तलव भत्ता वापत रु.८२,५४,०००/-नगद अनुदान दिएको देखियो यसरी निजि निजि शिक्षकहरुको तलव भत्ता अनुदान दिन मिल्ने कानुनी आधार देखिदैन । सो सम्बन्धमा गाउपालीकाको ध्यानाकर्षण हुनु पर्दछ ।

| भौ.नं. र मिति | विद्यालयको नाम (निजी शिक्षक तलव भत्ता) | रकम |
|---|---|---|
| ४७/२०७५/१२/८ | धौल्देउ निम्न माध्यमिक विद्यालय (निजी शिक्षक तलव भत्ता) | १०००००0.०० |
| ४८/२०७५/१२/८ | आधा बगर मा.वि,दोगडि | १३०००००.०० |
| ४९/२०७५/१२/८ | दौलीचौर मा.वि, | १६०००००.०० |
| ५०/२०७५/१२/८ | सुर्मा सरोवर प्रा.वि | ३०००००.०० |
| ५१/२०७५/१२/८ | कालथुम आधारभुत प्रा.वि | २०००००.०० |
| ५२/२०७५/१२/८ | सुर्मा माद्यमिक विद्यालय | ५०००००.०० |
| ५७/२०७५/१२/१० | इश्वर नि.मा.वि | ३०००००.०० |
| ५८/२०७५/१२/१० | सुर्मा प्रा.वि | २०००००.०० |
| ६२/२०७५/१२/११ | विष्णुदेव प्रा.वि | २५००००.०० |
| ६५/२०७५/१२/११ | दलित प्रावि दौलिचौर | ३०००००.०० |
| ९६/२०७६/१/२४ | कृष्ण प्रा.वि,दौलिचौर | २०००००.०० |
| १००/२०७६/२/९ | शिव शक्ति प्रा.वि,पारा | २०००००.०० |
| १०५/२०७६/२/९ | भुमिदेव प्रा.वि | २५२०००.०० |

| | | |
|---|---|---|
| १०७/२०७६/२/९ | नन्द प्रा.वि,सितधारा | ३०००००.०० |
| १२०/२०७६/२/१९ | भुमिदेव उ.मा.वि | २५२०००.०० |
| ७४/२०७५/१२/२६ | हिमालय प्रा.वि | २०००००.०० |
| ८०/२०७५/१२/२८ | चादे शिखर प्रा.वि | २०००००.०० |
| ८३/२०७६/१/१९ | नाउला बाल विकास प्रा.वि | २००००० |
| ८९/२०७६/१/१९ | दौलिचौर मा.वि | ५००००० |
| | **जम्मा** | **८२५४०००** |

४६.३ **प्राविधिक मुल्यांकन :**सार्वजनिक खरिद नियमावली २०६४ को १२५(३) वमोजिम निर्माण कार्यको भुक्तानी दिंदा ड्रइङ डिजाईन अनुसार भए नभएको नाँपजाँच गरी सोही वमोजिम प्रतिवेदन पेश गरेको आधारमा मात्र भुक्तानी दिने व्यवस्था छ । यस गाउँपालिकाले निर्माण कार्यको भुक्तानी दिदा नियमको उक्त व्यवस्था वमोजिम कार्य सम्पन्न प्रतिवेदन प्राविधिक नपजाच लगायतको कागजात पेश हुनु पर्नेमा सो बमोजिमको प्रमाण बेगर निम्नानुसार भुक्तानी भएकोले आवश्यक प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु ३,३०,८१०/-

| **भौ.न. र मिति** | **व.उ.शि.नं** | **कामको विवरण** | **भुक्तानी लिने** | **रकम** |
|---|---|---|---|---|
| ६७/२०७५/१२/२४ | राजस्व बाँडफाड | ग्याविन भर्ने | रमेश वहादुर बोहोरा | ९७२००.०० |
| ७१/२०७५/१२/२५ | | | पुश्कर बोहोरा | ५३४६०.०० |
| ७२/२०७५/१२/२५ | | | लाल बहादुर बोहोरा | ९५१५०.०० |
| ५३/२०७५/१२/८ | | डोर हाजिर | | ८५०००.०० |
| जम्मा | | | | ३,३०,८१०.०० |

४६.४ **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा श्रोतमा १० प्रतिशत र दफा ८९ अनुसार रु ५० हजार भन्दा वढीको करार वमोजिमको रकम भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ। निम्नानुसार को भुक्तानीमा श्रोतमा कर कट्टी नगरेकोले असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. २१,९००/-

| **भौ.नं.र मिति** | **सप्लायर्स/भुक्तानी लिने** | **भुक्तानी रकम** | **करको दर (प्रतिशत)** | **असुल हुनु पर्ने रकम** |
|---|---|---|---|---|
| २७६/२०७६/३/१० | रेडियो खप्तड | १५०००० | १५ | ७५००.०० |
| ११/२०७५/८/९ | टोप वहादुर वि.सि. प्रशिक्षक भत्ता | ४८०००.० | १५ | ७२००.०० |
| ११/२०७५/८/९ | परिमल्ल कामी प्रशिक्षक भत्ता | ४८०००.० | १५ | ७२००.०० |
| | **जम्मा** | | | **२१,९००/-** |

४६.५ **दैनिक भत्ता वढी भुक्तानी :**४९/२०७५/७/२७ भ्रमण खर्च नियमावली २०६४ वमोजिम तोकिएको रकम मात्र भुक्तानी पाउने व्यवस्था छ। उपाध्यक्ष समिता कुमारी बोहोरालाई भ्रमण खर्च बापतको रकम भुक्तानी दिदा नियमानुसार दिनु पर्ने भन्दा वढी भुक्तानी दिएको रु २,९३५।- असुल हुनु पर्ने रु. २,९३५/-

४७. **सेवा प्रवाह स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिका,नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले गाउँपालीकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ ।

४८. **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष न्यायिक समितिमा कुनै पनि किसिमको उजुरी नपरेकोले मुद्दा दर्ता, फछ्र्यौट तथा अन्य निकायमा लेखी नपठाएको विवरण प्राप्त भएको छ ।

| | | |
|---|---|---|
| ४९. | **पेश्की वाँकी :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले नियम अनुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. | २७,१७,५००/- |

| **सि.नं.** | **मिति** | **पेश्कि लिनेको नाम** | **यस बर्षको पेश्कि** |
|---|---|---|---|
| १ | | नजिमा निर्माण सेवा | ८२२५००.०० |
| २ | | न्यू अनमोल सेवा | ८२२५००.०० |
| ३ | | रचित निर्माण सेवा | ८२२५००.०० |
| ४ | २०७५/८/२४ | वडा अध्यक्ष खडक बहादुर बोहोरा | १२००००.०० |
| ५ | २०७५/८/९ | गा.पा अध्यक्ष नर बहादुर बोहोरा | ५००००.०० |
| ६ | २०७५/८/९ | गा.पा उपाध्यक्ष समिता कुमारी बोहोरा पुजारा | ३००००.०० |
| ७ | २०७५/११/२२ | प्र.प्र अधिकृत दिवाकर शर्मा | ५००००.०० |
| **जम्मा** | | | **२७,१७,५००/-** |

| | | |
|---|---|---|
| ५० | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेको छ । यस गाउँपालिकाले वेरुजुको लगत अध्यावधिक नगरेकोले वेरुजुको अद्यावधिक स्थिति यकिन हुन सकेन । गाउँ पालिकाको गत वर्षको वेरुजु र फछ्र्यौटको स्थिति निम्नानुसार देखिएको छ : | |

| **गत वर्षको वेरुजू रकम (रु हजारमा) (A)** | **यो वर्ष फछ्र्यौट (B)** | **वाँकी (C=A-B)** |
|---|---|---|
| १८५६२ | ० | १८५६२ |

लेखापरीक्षणको कममा औल्याइएपछि आन्तरीक आम्दानी बापतको दाखिला हुन बाँकी रु.३,५२,०७७ मिति २०७५।५।२३ मा स्थानीय संचित कोषमा दाखिला भएको प्रमाण पेश भएको छ ।

अनुसूची- १

## सुर्मा गाउँपालिका सञ्चित कोष विवरण
## २०७५।७६

(रु हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| सुर्मा गाउँपालिका | बझाङ | **६८७६** | ७०७५४ | ६७१०० | ६५०४७ | **२०२९०१** | १२६७७१ | ७८९५४ | १०४७ | **२०६७७२** | **३००५** |

अनुसूची– १

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गनुंपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोध भनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | सुर्मा | ३३ | ३३ | १५६१० | ० | ३ | ८६२ | ३३ | ३० | १४७४८ | २११९ | ५४७५ | ४४३६ | | | **९९११** | ५० | २६६८ | २७१८ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुर्मा गाउँपालिका | **बझाङ** | **१८५६२** | ० | १८५६२ | ० | १४७४८ | ३३३१० |